# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

प्रधान कार्यालय, काठमाण्डौ

(बिक्री वितरण विभाग)


प.सं.: वि.वि....६'३६.....२०७९/०८०

मितिः२०७९/१२/०८ गते

च.नं.: ३१४

विषयः खाद्यान्नको गुणस्तर तथा ढुवानी सम्बन्धी परिपत्र।

श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रादेशिक कार्यालय/मुख्य शाखा कार्यालय/शाखा कार्यालय
सबै।

प्रस्तुत विषयमा परम्परागत रुपमा सिमित खाद्यबस्तु कारोबार गर्दै आएको साविकको नेपाल खाद्य संस्थान मिति २०७६ साल श्रावण २८ गते देखि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा रुपान्तरण भए पश्चात आफ्नो कामकारोबारलाई सामाजिक जिम्मेवारी पुरा गर्दै व्यवसायिक कृयाकलापहरु संचालन गर्न सुधारका प्रयासहरु हुँदै आएका छन् यस कम्पनीले बस्तु विविधिकरण संगसंगै गुणस्तरमा सुधार आपूर्ति र ढुवानीमा बढि ध्यान दिनुपर्ने भएकोले यतिवेला कम्पनीको मुख्य कृयाकलापमा किसानहरुबाट खरिद भएको धान विभिन्न स्थानहरुमा कुटानीको कार्य भई रहेको छ, भने कुटानीबाट प्राप्त भएको चामल सुगम तथा दूर्गम जिल्लाहरुमा परिचालन समेत भईरहेको छ, तथापी केही स्थानहरुमा धान कुटानी भएको चामल सावधानी पूर्वक गुणस्तरको व्यवस्थापन नगर्दा एक कार्यालयले परिचालन गरेको चामल अर्को कार्यालय र वितरण केन्द्रमा गएर समस्याको विषय हुँदै आएको छ।

परिपत्रका मूल विषयहरु

१. गुणस्तर सम्बन्धि विषयः

धान खरिद भएका कार्यालयहरुमा कुटानीबाट प्राप्त हुने चामलको गुणस्तर, प्याकेजिङ्ग, लेवलिङ्ग र भण्डारणका लागि प्रधान कार्यालय काठमाण्डौबाट समय समयमा स्पष्ट निर्देशन तथा परिपत्रहरु भएकै छन्, तसर्थ कुटानी र खरिदबाट प्राप्त हुने चामल तत्कालै अन्य स्थानमा खपत भईहाल्ने अवस्था नहुने भएकोले तहाँ भएका गोदामहरुमा गुणस्तर प्राविधिकको रेखदेख तथा सुपरीभिजनमा सूरक्षित मौज्दात राख्नु पर्ने हुन्छ। तराईका अधिकांश कार्यालयहरुमा खाद्य गुणस्तर प्राविधिक कर्मचारीहरु छन् भने नभएका स्थानहरुमा नजिकको कार्यालयबाट प्राविधिक खटाइने भएकोले कुटानी र खरिदबाट प्राप्त हुने चामललाई कडाईकासाथ गुणस्तर निरीक्षण गराउनु हुनेछ। चामल मौज्दात रहने गोदाममा समय समयमा फ्युमिगेशन तथा औषधोपचार गराई खाद्यान्नको गुणस्तर कायम राख्न विषेश पहल गर्नु भई तहाँबाट खाद्यान्न परिचालन गर्दा चामलको भौतिक अवस्था प्याकेजिङ्ग, लेवलिङ्ग कार्यालय प्रमुख स्वंयले हेरी परिचालन गराउनु हुनेछ। यदि कुटानी र खरिद परिचालनमा ध्यान नपुऱ्याई प्राप्त हुने कार्यालयमा पछि गुणस्तरमा समश्या हुन गएमा त्यस कार्यालयका प्रमुख, गुणस्तर प्राविधिक र सम्बन्धित स्टोरकिपर पूर्ण रुपमा जवाफदेही हुनु पर्नेछ अतः निर्देशनको अवज्ञा गरि भविष्यमा गुणस्तर कै कारणबाट कम्पनीलाई हानी नोक्सानी हुन गएमा जिम्मेवारीमा रहने कर्मचारीहरुबाट असुलउपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

क्रमशः

प्रमुख कार्यकारी अधिकृत

पाना-२

२. **ढुवानी सम्बन्धि विषयः**

राज्यभरका हिमाली जिल्लाहरु र केहि पहाडी जिल्लाहरुमा निजीक्षेत्रबाट भरपर्दो रुपमा खाद्यान्नको आपूर्ति नहुँदा प्राय सधै भरि खाद्यान्नको समश्या भई राखेको हुन्छ। चालु आर्थिक २०७९/०८० को लागि प्राय अधिकाशं शाखा, डिपो र वितरण केन्द्रमा ढुवानीको व्यवस्था भई सकेको छ। स्थलमार्गको ढुवानीको मुख्य सिजन मंसिर महिना देखि बैषाखसम्म रहने र जेठ पछि वर्षाद शुरु हुन गई ढुवानी अवरुद्ध हुने सक्ने हुँदा यसै समयमा ढुवानीमा तिब्रता दिनु हुनेछ। चालु आर्थिक वर्षको फाल्गुण महिनाको मसान्तसम्मको प्रगतिलाई हेर्दा कतिपय चलान गर्ने कार्यालयहरुले अति दूर्गमका हुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा र दार्चुला लगायतका जिल्लाहरुको उत्तरी क्षेत्रका वितरण केन्द्रहरुमा ढुवानी शून्य परिमाण रहेको छ भने जसको कारणबाट ति क्षेत्रहरुमा दैनिक खाद्यान्न समस्या बढ्दै गएको छ भने लक्ष्य अनुसारको भौतिक र वित्तीय प्रगति हासिल गर्न समेत गम्भिर समस्या परि राखेको छ। अत दूर्गम जिल्लाहरुमा खाद्यान्न चलान गर्ने कार्यालयहरुले SOP तयार गरि खाद्यान्न परिचालन गरि नियमित भएको प्रगति सम्भव भए दैनिक, सो नभए साप्ताहिक रुपमा प्रधान कार्यालयमा अनिवार्य रुपमा पठाउनु हुनेछ।

दूर्गम क्षेत्रमा खाद्यान्न ढुवानी गर्ने ढुवानीकर्ताले ढुवानीमा विभिन्न किसिमबाट ढिलासुस्ती गर्ने, चरम खाद्य अभाव भएको समयमा नपुऱ्याई दिने भएकोले चालु आर्थिक वर्षमा तालिकाबद्ध रुपमा खाद्यान्न ढुवानी गराउने उद्देश्यका साथ ढुवानी सम्झौतालाई परिमार्जन भएको विषय तहाँलाई जानकारी नै छ, अतः सम्झौताको दफा २८ मा **"ढुवानीकर्ताले सम्झौता अनुसारको खाद्यान्न परिमाण तपसिलका तालिकामा उल्लेख भए बमोजिमको प्रतिशतको आधारमा जिल्ला सदरमुकाम, डिपो र वितरण केन्द्रमा ढुवानी गरी बुझाउनु पर्नेछ, सदरमुकाम, डिपो र वितरण केन्द्रमा माग हुँदाहुँदै सम्बन्धित स्थानमा खाद्यान्न अभाव भएमा ढुवानी सम्झौता गराउने कार्यालयले ढुवानीकर्तालाई ७ दिने लिखित जानकारी गराउनेछ, जानकारी गराउंदा पनि १५ दिनसम्म लक्ष्य अनुसार ढुवानी नगरेमा वा सम्पर्क नगरेमा सम्झौता गराउने कार्यालयबाट सम्झौता भंग गरि सम्झौतामा रहेको धरौटी रिटेनसन मनी जफत गरि कालो सूचिमा राख्ने सिफारिस गरि ढुवानीको वैकल्पिक व्यवस्था गर्न वाधा पर्ने छैन्।"** भन्ने शर्त रहेको हुँदा तालिकाबद्ध ढुवानी नगर्ने ढुवानीकर्ताको सम्झौता भंग गरि धरौटी तथा रिटेनसन मनी जफत गर्नु हुनेछ र त्यस्ता ढुवानीकर्तालाई आगामी दिनमा बोलपत्रमा सहभागी नहुनको लागि कालो सूचिमा राख्न समेत सिफारिस गर्नु हुनेछ र सम्झौताको शर्त र निर्देशनको पालना नगरि खाद्यान्न ढुवानी पनि नगराउने र ढुवानीकर्तालाई कारवाही पनि नभएमा ढुवानी गराउने कार्यालयको प्रमुख जवाफदेहि हुने व्यहोरा समेत यसै पत्रद्धारा जानकारी गराईन्छ।—

(मोहन प्रसाद चन्द)
प्रमुख कार्यकारी अधिकृत

मोहन प्रकाश चन्द
प्रमुख कार्यकारी अधिकृत

बोधार्थः
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाण्डौ।
श्री वित्तीय व्यवस्थापन्न विभाग,
श्री आन्तरिक नियन्त्रण विभाग
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालय, काठमाण्डौ।


☎ ४२५२७६७ फ्याक्स नं.०१-४२६२४९८ Email:nfcsales75@gmail.com भद्रकाली, प्लाजा